# प्रभु बैंक लिमिटेड, शाखा कार्यालय भरतपुर, चितवनका, तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम विक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना ।

**(सूचना प्रकाशित मिति २०८३/०३/०४ गते बिहिबारको चितवन पोष्ट राष्ट्रिय दैनिक)**

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले लिनु भएको कर्जा रकम चुक्ता भुक्तान गर्ने मिति समाप्त भईसक्दा पनि बैंक सँग गर्नुभएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्र्यौट नगर्नु भएको र यस बैंकबाट पटक-पटक मौखिक तथा लिखित तारताकेता गर्दा समेत सो को पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता/फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ । यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्न सिफारिस गरीने ब्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको **शाखा कार्यालय भरतपुर, चितवनमा** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८३/०४/१४ गते बिहिबार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको **शाखा कार्यालय भरतपुर, चितवनमा** दिनको ठीक ३:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक बोलपत्र दाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ ।

## तपसिल

**ऋणी तथा जमानतकर्ताको विवरण :**

**१ ऋणी :** नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय भरतपुर, चितवनमा नेपालमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७५/०२/१५ गते प्रा.फ.र.न. १७१३/०७४/०७५ मा दर्ता कायम भई नेपाल सरकार अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग भरतपुरबाट मिति २०७५/०६/०४ मा करदाताको नाम **टेक नारायण शर्मा** कारोवारको नाम **सपना कोल्ड स्टोर्स** भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाण पत्र नं. ६००७६६०४७ को प्रमाणपत्र प्राप्त **सपना कोल्ड स्टोर्स** ।

**रजिष्ट्रर्ड ठेगाना :** चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. १०, नहरचोक ।

| | |
|---|---|
| **प्रोप्राइटर तथा जमानतकर्ता : टेक नारायण शर्मा** (ना.प्र.नं. २७६०/१४६, जारी मिति २०५२/०४/३० जि.प्र.का. वाग्लुङ) । स्थाई ठेगाना : वाग्लुङ जिल्ला, जैमिनी न.पा. वडा नं. ८ (साविक छिस्ती गा.वि.स वडा नं. ६) । हालको ठेगाना : चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. १० ।<br>बाबु : नारायण दत्त उपाध्याय ।<br>बाजे : दिजराज पाध्य । | **जमानतकर्ता : जानकी शर्मा (ढकाल)** (ना.प्र.नं. न. १८५८३ जारी मिति २०५८/०१/०३ जि.प्र.का. वाग्लुङ) । स्थाई ठेगाना : वाग्लुङ जिल्ला, जैमिनी न.पा. वडा नं. ८ (साविक छिस्ती गा.वि.स वडा नं. ६) । हालको ठेगाना : चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. १० । बाबु : नेत्र लाल पाध्या ढकाल ।<br>पति : टेक नारायण शर्मा ।<br>ससुरा : नारायण दत्त उपाध्याय । |
| **२ ऋणी : टेक नारायण शर्मा** (ना.प्र.नं. २७६०/१४६, जारी मिति २०५२/०४/३० जि.प्र.का. वाग्लुङ) । स्थाई ठेगाना : वाग्लुङ जिल्ला, जैमिनी न.पा. वडा नं. ८ (साविक छिस्ती गा.वि.स वडा नं. ६) । हालको ठेगाना : चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. १० ।<br>बाबु : नारायण दत्त उपाध्याय ।<br>बाजे : दिजराज पाध्य । | **जमानतकर्ता : जानकी शर्मा (ढकाल)** (ना.प्र.नं. न. १८५८३ जारी मिति २०५८/०१/०३ जि.प्र.का. वाग्लुङ) । स्थाई ठेगाना : वाग्लुङ जिल्ला, जैमिनी न.पा. वडा नं. ८ (साविक छिस्ती गा.वि.स. वडा नं. ६) । हालको ठेगाना : चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. १० । बाबु : नेत्र लाल पाध्या ढकाल ।<br>पति : टेक नारायण शर्मा ।<br>ससुरा : नारायण दत्त उपाध्याय । |

**ख. लिलाम बिक्री हुने सम्पत्तिको विवरण :**

१. जानकी शर्मा (ढकाल)को नाममा मालपोत कार्यालय भरतपुर चितवनमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला भरतपुर न.पा. वडा नं. १०, सिट नं. १०घ, स्थित कित्ता नं. ८३२ र १२४८ क्षेत्रफल ०-०-$२^{३/४}$-० (बिघा) र ७७.११ (वर्ग मि.)को घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत .....१

२. जानकी शर्मा (ढकाल)को नाममा मालपोत कार्यालय चनौली चितवनमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला गुन्जनगर गा.वि.स. वडा नं. ९ सिट नं. ९क स्थित कि नं. १९६ क्षेत्रफल ०-३-१५-० (बिघा) को जग्गा र ऐ.ऐ. वडा नं. ८ नक्सा सिट नं. ८ख स्थित कित्ता नं. १५० क्षेत्रफल ०-०-१४-० (बिघा) को जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ..................१

३. ऋणी **सपना कोल्ड स्टोर्स**को स्टक तथा चालु सम्पतिहरु उपर हाइपोथिकेसन सुरक्षण समेत .....१

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा **शाखा कार्यालय भरतपुर चितवनबाट** प्राप्त गर्न सकिनेछ ।

२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके वमोजिम लाग्ने राजश्व लगायतका सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।

३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली बिभागमा र **शाखा कार्यालय भरतपुर चितवनमा** सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK

**प्रभु बैंक लिमिटेड**

**प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल**

**फोन नं. : ०१-५७१९०००**

Size: 3x28